# 'राजेश्वरी' खण्डकाव्यमा प्रयुक्त तद्भव शब्दहरूको अध्ययन


शम्बु सुनुवार

परीक्षा क्रमाङ्क : २३३००४१ /२०६८

त्रि.वि.दर्ता नं.९-२-६३६-४२-२००७


त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सिन्धुली बहुमुखी क्याम्पस,

नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको

नेपा.शि.५९८ को प्रयोजनार्थ प्रस्तुत

**शोधपत्र**

**२०७२/२०१५**


नेपाली शिक्षा विभाग

सिन्धुली बहुमुखी क्याम्पस

# शोधनिर्देशकको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सिन्धुली बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, स्नातकोत्तर तह, दोस्रो वर्षका छात्र शम्बु सुनुवारले नेपा.शि. ५९८ को विशिष्टीकरणका लागि तयार पार्नु भएको **राजेश्वरी खण्डकाव्यमा प्रयुक्त तद्भव शब्दहरूको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । अति परिश्रमका साथ तयार पारिएको यस शोधपत्रबाट म पूर्ण सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : सन् २०१६,

शोधनिर्देशक

अर्जुनप्रसाद पौडेल

उपप्राध्यापक

नेपाली शिक्षा विभाग

सिन्धुली बहुमुखी क्याम्पस

# कृतज्ञताज्ञापन

सिन्धुली बहुमुखी क्याम्पसको नेपाली भाषा शिक्षा विभागको स्नातकोत्तर तह दोश्रो वर्षको नेपा.शि.५९८ को पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको प्रस्तुत **राजेश्वरी खण्डकाव्यमा प्रयुक्त तद्भव शब्दहरूको अध्ययन** शीर्षकको शोधपत्रलाई यस स्वरुपमा ल्याउन विभागीय स्वीकृति प्रदान गर्नुहुने विभागीय प्रमुख तथा शोधनिर्देशक उपप्राध्यापक आदरणीय गुरु श्री अर्जुनप्रसाद पौडेल, गुरुहरु भानुभक्त गुरुङ एवम् कृष्णप्रसाद निरौलाप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यसैगरी क्याम्पस प्रमुख मिमप्रसाद घिमिरेज्यूमा पनि हार्दिक आभार प्रकट गर्दछु ।

यसैगरी मलाई शिक्षा प्राप्तिमा भरमग्दुर संघर्ष गर्नुहुने मेरा आदरणीय परिवार तथा स्नेहालु सदस्यहरूमा र बौद्धिक सहयोग गर्नुहुने आदरणीय दाइ कमल न्यौपानेप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । शोधका क्रममा सुझाव दिई सहयोग गरिदिनुहुने  चेली नन्दकुमारी कटुवालप्रति पनि आभार प्रकट गर्दछु । समयमै टङ्कन कार्य गरिदिनु हुने आयुशा बुक्सलाई पनि धन्यवाद दिँदै आवश्यक मूल्याङ्कनका लागि पेश गर्दछु ।

शोधार्थी

शम्बु सुनुवार

सिन्धुली बहुमुखी क्याम्पस

# शोधसार

**शोधशीर्षक :** राजेश्वरी खण्डकाव्यमा प्रयुक्त तद्भव शब्दहरूको अध्ययन

**शोधर्थीको नाम :** शम्बु सुनुवार

**शोधनिर्देशक :** उपप्रा. अर्जुनप्रसाद पौडेल

**शैक्षिक वर्ष :** २०६७/२०६९

**क्याम्पस/विभाग :** सिन्धुली बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग

**अध्याय** पाँच

**पृष्ठसङ्ख्या : ११+७०+१**

**शोधको समस्या**

प्रस्तुत शोधपत्र निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

(१) 'राजेश्वरी ' खण्डकाव्यका खण्डहरूमा के-कस्ता तद्भव शब्दहरू प्रयोग भएका छन् ?

(२) ती शब्दहरूको वितरण (परिमाणात्मक) स्थिति कस्तो छ ?

(३) त्यस्ता शब्दहरूको स्रोत र वर्गगत वितरण स्थिति कस्तो छ ?

**शोधको उद्देश्य**

उपर्युक्त समस्याहरुको समाधान प्रस्तुत गर्नु यस शोधपत्रको उद्देश्य रहनेछ । शोधपत्रका उद्देश्यहरुलाई बुदाँगत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

(१) 'राजेश्वरी ' खण्डकाव्यका विभिन्न खण्डहरूमा प्रयुक्त तद्भव शब्दहरु सङ्कलन गर्नु,

(२) सङ्कलित शब्दहरूको वितरण (परिमाणात्मक) स्थिति देखाउनु,

(३) उक्त शब्दहरूको स्रोतगत र वर्गगत स्थिति देखाउनु ।

## शोधकार्यको औचित्य र महत्व

नेपाली भाषाको जननी संस्कृत भाषा मानिन्छ । नेपाली भाषा र साहित्यको अध्ययन अध्यापन गराउँदा तत्सम र आगन्तुक शब्दहरु भन्दा तद्भव शब्दहरु बढी प्राप्त हुने गर्दछन् । अन्ततः संस्कृत भाषाबाट धेरै शब्दहरु प्राप्त गरेर नै नेपाली भाषा पुष्ट भएको छ । संस्कृत भाषाबाट नेपालीमा आउँदा रुप फेरिएर आएका शब्दलाई तद्भव शब्द भनिएको छ ( अवस्थी र शर्मा, २०५५ : १३८) । तद्भव शब्द सामान्यतया संस्कृतबाट प्राकृत हुँदै नेपालीमा आएका छन् । साहित्यकार, भाषाशास्त्री एवम् अन्य लेखकहरुले आ-आफ्ना लेखरचनाहरूमा तत्सम, तद्भव, आगन्तुक एवम् देशज शब्दहरुको प्रयोग गर्ने गरेका छन् । यसरी शब्दहरू प्रयोग गर्ने क्रममा तद्भव शब्दहरू बढी प्रयोग हुनु, ती तद्भव शब्दहरूको संस्कृत मूल रुप थाहा नहुनु, अत्याधिक जटिल तद्भव शब्दहरू प्रयोग हुनुले नेपाली भाषा र साहित्यका पाठक, श्रोता एवम् प्रयोगकर्तालाई दुर्वोध्यता र भाषिक विकर्षणतिर धकेले जस्तो हुने गरेको छ । यी र यस्ता कुराहरूलाई ध्यानमा राखेर तद्भव शब्दहरुको समुचित अध्ययन गरिएकाले यस शोधकार्यले सम्बन्धित तहमा प्राप्त कठिनतालाई केही सरलता हासिल गराउनेछ ।

प्रस्तुत शीर्षकको शोधकार्यमा 'राजेश्वरी' खण्डकाव्यका श्लोकहरूमा प्रयुक्त शब्दहरूलाई अकारादि वर्णानुक्रमका आधारमा व्यवस्थित गरी राखिनेछ । त्यसपछि पदवर्ग छुट्याई सङ्कलित शब्दको परिमाणात्मक स्थिति समेत प्रस्तुत गरिने यो शोधकार्य स्वतः औचित्यपूर्ण र महत्व  रहेको छ । भविष्यमा ती शब्दहरुले विभिन्न सन्दर्भमा आएर के कसरी भाषागत अभिव्यक्तिको कार्य गर्दछन् भन्ने कुरामा जानकारी लिन चाहने सम्पूर्ण व्यक्तिहरु, पाठक, विद्यार्थी, शिक्षक, पाठ्यक्रम निर्माता तथा पाठ्यपुस्तक तयार गर्ने विद्वानहरु समेतका लागि यो शीर्षकको शोधपत्र महत्वपूर्ण र उपयोगी रहने विश्वास लिइएको छ ।

## शोधकार्यको सीमाङ्कन

'राजेश्वरी' खण्डकाव्यमा तत्सम, तद्भव र आगन्तुक शब्दहरुको प्रयोग प्रचुर मात्रामा भए पनि शोधकर्ताले आफ्नो अध्ययनलाई संस्कृत भाषाबाट आएका तत्सम शब्द, रुप फेरिएर नेपाली भाषामा आएका तद्भव शब्दलाई मात्र आफ्नो अध्ययनको क्षेत्र बनाइएको छ । वर्गगत आधारमा सबै शब्दहरुको अध्ययन यसमा गरिने छैन तथापि तिनीहरुको सङ्ख्यात्मक जानकारी भने खुलाइएको छ । प्रयुक्त शब्दहरुमा पनि तद्भव शब्दलाईमात्र लिइएको छ । आवृत्तिमा आउने शब्दहरुलाई छाडिएको

छ । शोधकार्य कविवर माधवप्रसाद घिमिरेको ‘‘राजेश्वरी’ ( २०५०, छैठौँ संस्करण ) मा सीमित रहेको छ । यसमा २० छालका श्लोकहरु अध्ययनको सीमा बनेका छन् ।

**अध्ययन विधि**

प्रस्तुत शोधकार्य वा अध्ययनको ढाँचा वर्णनात्मक र पुस्तकालयीय पद्दतिको रहेको छ । यसमा सर्वप्रथम **राजेश्वरी** खण्डकाव्यभित्रका २० छालहरुबाट मूल शब्दहरु वर्णानुक्रमानुसार सङ्कलन गरी ती शब्दहरुको आवृत र अनावृत स्थितिअन्तर्गत अनावृत अवस्थालाई मात्र तालिकामा वर्ग प्रक्रियाका माध्यमले प्रस्तुत गरिएको छ । यसैगरी सोही आधारमा अध्ययनको समस्या र उद्देश्यानुसार निष्कर्ष दिइएको छ ।

प्रस्तुत शोध अध्ययनको नमुनाका रुपमा कविवर माधवप्रसाद घिमिरेको ‘राजेश्री’ खण्डकाव्य र यसका २० छालमा प्रयुक्त तद्भव शब्दहरूको अध्ययन यसको अध्ययन क्षेत्र रहेको छ । अध्ययनमा छालमा रहेका मूल शब्द र अनावृत अवस्थालाई मात्र हेरिएको छ ।

अध्ययनका लागि नमुनाका रुपमा कविवर माधवप्रसाद घिमिरेको ‘राजेश्वरी’(२०५०,छैठौँ संस्करण) खण्डकाव्य छनोट गरिएको छ ।

अध्ययनका लागि आवश्यक उपकरण वा सामग्री कविवर माधवप्रसाद घिमिरेको **राजेश्वरी** खण्डकाव्यका अतिरिक्त विभिन्न शब्दकोशहरू रहेका छन् । उल्लिखित सामग्रीहरुको अध्ययन र उपयोग गरी सामग्री निर्माण गरिएको छ ।

अध्ययनका लागि आवश्यक तथ्याङ्क तथा सूचना सङ्कलन मूलतः द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ । आवश्यकतानुसार शोधनिर्देशक, भाषाविद् तथा विषय विज्ञहरुबाट पनि आवश्यक सूचनाहरु सङ्कन गरिएको छ । प्राप्त सूचनाहरुलाई पुस्तकालयीय विधि तथा पद्दतिका आधारमा व्यवस्थित गरिएको छ ।

यो शोधकार्य गर्दा अन्य विधिको तुलनामा विशेषतः पुस्तकालयीय अध्ययन प्रक्रियाको अवलम्बन गरिएको छ । यद्यपि खोजविधिलाई पनि आंशिक रुपमा उपयोग गरिएको छ । ‘राजेश्वरी’ खण्डकाव्यका सम्पूर्ण शब्दहरुलाई सर्वप्रथम वर्णानुकमअनुसार उतार्ने कार्य गरिएको छ । सम्पूर्ण शब्द टिपिसकेपछि शब्द छान्ने कममा नेपाली वृहत शब्दकोश (२०४०), नेपाली प्रयोगात्मक शब्दकोश, नेपाली तत्सम शब्दकोशबाट सहयोग लिएर ती तद्भव शब्दका संस्कृत मूलरुप प्रस्तुत

गर्ने काम गरिएको छ । नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, संयोजक, निपात र विस्मयादिवोधक छुट्याइएको  छ  ।

यसरी यी विविध विधिहरु अपनाई 'राजेश्वरी' खण्डकाव्यका सम्पूर्ण प्रयुक्त शब्द सङ्ख्याका आधारमा अनावृत र आवृत शब्दहरुको प्रतिशत एकमुष्ट सङ्ख्यामा मात्र उल्लेख गरिएको छ । **राजेश्वरी** खण्डकाव्यमा प्रयुक्त शब्दको वर्णनुक्रमअनुसार पदवर्ग निर्धारण गरी टङ्कण गरी पुस्तकाकार रुप दिने अन्तिम कार्य गरिएको छ ।

**निष्कर्ष**

यस राजेश्वरी खण्डकाव्यमा जम्मा २० वटा छालहरू रहेका छन् । यसमा यिनै छालभित्र प्रयुक्त तद्भव शब्दहरुको वर्गगत र स्रोतगत अध्ययन गरिएको छ । के-कति तद्भव र शब्दको प्रयोग भएका छन् ? ती शब्दहरु कुन-कुन वर्गका हुन् ? यी शब्दले नेपाली शब्दभण्डारको वृद्धिमा के-कति प्रभाव पार्न सक्छन् जस्ता विषयमा प्रकाश पार्न सक्ने बाटो बनाउने रेखा कोर्न सकेको विश्वास लिन सकिन्छ ।

यस खण्डकाव्यमा जम्मा २६७९ शब्दहरु रहेका छन् । वर्गका दृष्टिले यस काव्यमा सवभन्दा बढी अव्यय वर्गका शब्दहरु प्रयोग भएका छन् । जसको सङ्ख्या ८२५ रहेको छ । त्यसपछि विशेषण ६६५, त्यसपछि नाम ६४२, त्यसपछि क्रिया ४०३ र सबभन्दा कम सर्वनाम वर्गका शब्द (१४४) हरुको प्रयोग पाइन्छ ।

स्रोतगत हिसाबले हेर्दा यस काव्यमा सबैभन्दा बढी तद्भव शब्द १६७९, त्यसपछि तत्सम ७९२ र सबैभन्दा कम आगन्तुक (२११) रहेका छन् । स्रोतगत हिसावले हेर्ने हो भने सिर्जना क्षेत्रले नै तद्भव नेपाली शब्दको विकासमा विशेष योगदान गरेको पुष्टि हुन आउँछ ।

आवृत्तिका दृष्टिले शब्दको गणना गर्दा लगभग १०० शब्दहरुको आवृत्ति भएको देखिन्छ । सबैभन्दा बढी म शब्द वा वर्णको आवृत्ति २२ पटक भएको छ भने त्यसपछि क्रमशः के,कि, केवल, कसरी, क्यै, कालो किन, कलाकार, कवि, कान्तिपुरमा, खोज्छौ, गाइने, गर्न, गए, घाम, घाममा, चन्दागिरी,चल, छ, छन्, छौ, छाया, जुन, जसै, जो, जीवन, जनका, जहाँ, झैँ, त, त्यो  तिमी, तिम्रो, तिम्रै, थियो, दूर, देवलमा, दिव्य, द्यौ, नबोलिकन, नेपाली, नै, पनि, पुरोहित, पँखेटा, पाइन, पायो, पल, फेरि, बाट, बालक, बगरमा, बनी, बागमती, भने, भनी, भनेर, मनमा, मेरा, मेरो, मुख, मानिसले, यो, याम, यै, यहाँ, यहीँ, यसमा, यौटै, रानी, रे, र, रोक्न, राजनैतिक, वनमा, वसन्तपुरको

, शिरको, शीतल, सिन्दुर, सन्तति, सबै, सेनापति, सधैं, साँच्चै, सती, सुन्दर, सात, सक्छौ, हिर्दय, हामी, हम्बा, हे र हो को आवृत्ति भएको देखिन्छ ।

शोधपत्रलाई सङ्कलित र व्यवस्थित रुपमा प्रस्तुत गर्नका लागि निम्नलिखित शोधपरिचय, सम्बन्धित साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा, अध्ययन विधि, व्याख्या तथा विश्लेषण, निष्कर्ष, सुझाव र उपयोगिता जस्ता पाँच अध्यायमा विभाजन गरिएको छ :

## अध्याय एक

## शोधपरिचय

| | |
|---|---|
| | पृष्ठ |
| १.१ अध्ययनको पृष्ठभूमि | १-२ |
| १.२ समस्याकथन | २ |
| १.३ शोधको उद्देश्य | २ |
| १.४ शोधको औचित्य र महत्व | २-३ |
| १.५ शोधपत्रको सीमाङ्कन | ३ |
| १.६ शोधपत्रको रुपरेखा | ४ |


## अध्याय दुई

## साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा

| | |
|---|---|
| २.१ शब्दभण्डारका सन्दर्भमा भएका पूर्वकार्यको समीाक्षा | ५-७ |
| २.२ पूर्वकार्यको उपादेयता | ७-८ |
| २.२ शब्दभण्डारको सैद्धान्तिक अवधारणा | ८-११ |


## अध्याय तिन

## अध्ययन विधि र प्रक्रिया

| | |
|---|---|
| ३.१ अध्ययनको ढाँचा | १३ |
| ३.२ अध्ययनको क्षेत्र | १३ |
| ३.३ नमुना छनोट | १३ |
| ३.४ सामग्री निर्माण | १४ |
| ३.५ सामग्री सङ्कलन प्रक्रिया | १४ |
| ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया | १४ |

## अध्याय चार

## व्याख्या तथा विश्लेषण

### (राजेश्वरी खण्डकाव्यका एकदेखि बीस छालसम्मका शब्दहरू)


४.१ छाल पहिलो १५-१७

४.२ छाल दोस्रो १८-२०

४.३ छाल तेस्रो २०-२२

४.४ छाल चौथो २३-२६

४.५ छाल पाँचौँ २६-२९

४.६ छाल छैठौँ २९-३२

४.७ छाल सातौँ ३२-३५

४.८ छाल आठौँ ३५-३७

४.९ छाल नवौँ ३८-४०

४.१० छाल दशौँ ४०-४३

४.११ छाल एघारौँ ४३-४६

४.१२ छाल बाऱ्हौं ४६-४७

४.१३ छाल तेऱ्हौं ४८-५०

४.१४ छाल चौदौं ५०-५३

४.१५ छाल पन्ध्रौं छाल ५३-५५

४.१६ छाल सोऱ्ह ५६-५८

४.१७ छाल सत्रौं ५८-६०

४.१८ छाल अठारौं ६०-६१

४.१९ छाल उन्नाइसौं ६२-६४

४.२० छाल बीसौं ६४-६७

४.२१ प्रयुक्त तद्भव शब्दहरूको समग्र स्थिति ६७

४.२२ सारांश ६७-६८

## अध्याय पाँच

## निष्कर्ष, सुझाव र उपयोगिता


५.१ निष्कर्ष ६९

५.२ सुझाव ७०

५.३ उपयोगिता ७०

५.३.१ नीतिगत तह ७०

५.३.२ प्रयोगगत तह ७०

५.४ भावी अनुसन्धानका सम्भावित शीर्षकहरू ७०

सन्दर्भसामग्रीसूची